**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**माननीय न्यायाधीश श्री विनोद शर्मा**
**फैसला**
०७६-CR-०४३८
**मुद्दाः- मानव ओसारपसार।**

परिवर्तित नाम ६५ ध १० को जाहेरीले नेपाल सरकार..............................१ पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला जाजरकोट, शिवालय गाउँपालिका वडा नं. ४ स्थायी घर हाल जिल्ला बाँके बैजनाथ गाउँपालिका वा.नं.४ इट्टानाला बस्ने खेम बहादुर नेगी .......................१ प्रत्यर्थी प्रतिवादी

**शुरु तहमा फैसला गर्नेः-** **माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल**
**बाँके जिल्ला अदालत**
**फैसला मितिः २०७५।२।९**

**पुनरावेदन तहमा फैसला गर्नेः** **माननीय न्यायाधीश श्री विष्णुदेव पौडेल**
**माननीय न्यायाधीश श्री खुशी प्रसाद थारु**
**उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास**
**फैसला मितिः २०७५।६।१४**

उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलासबाट मिति २०७५।०६।१४ मा भएको फैसला उपर वादी नेपाल सरकारको तर्फबाट मुद्दा दोहोऱ्याई हेरी पाऊँ भनी परेको निवेदनमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को को खण्ड (क) बमोजिम यस अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

**तथ्य खण्ड**

१. हामी जाहेरवालाहरुको घरको आर्थिक अवस्था कमजोर भई काठमाडौंमा बसी ज्याला मजदुरी गरी जीवनयापन गर्दै आएका थियौं। काठमाडौंमा ज्याला मजदुरी

गर्दा पनि जीवन धान्न धौ धौ भएकाले विदेश जाने सोच बनाएका थियौं। यस्तैमा हामीहरुको भेट माया लिम्बुसँग हुँदा निजले हामी जाहेरवालाहरुलाई तिमीहरुलाई धेरै दुःख रहेछ विदेश कुवेत जाउ, म पठाई दिन्छु, त्यहाँ दुःख हुँदैन, पैसा पनि राम्रो कमाई हुन्छ, भनी हामीलाई गफलतमा पारी हामीहरुको पासपोर्ट समेत लिई कमल गुरुङ्गलाई दिएकी थिईन। मिति २०७४/०५/१६ गतेका दिन निजले भिषा आईसकेको छ, भारतको बाटो हुँदै कुवेत जाने हो भनी हामीहरुलाई कोठाबाट काठमाडौं बसपार्क लगी त्यहाँबाट नेपालगञ्ज आउने बसमा चढाई तिमीहरु ढुक्कसँग नेपालगञ्ज जाउ त्यहाँ लिन मान्छे आउछन् उसैले तिमीहरुलाई भारतको दिल्ली सम्म लगी दिन्छन् भनी नेपालगञ्ज आउने बसमा चढाई पठाएकिमा मिति २०७४/०५/१७ गतेका दिन नेपालगञ्ज आईपुगे पश्चात खेम बहादुर नेगी हामी आएको बसमा आई हामीलाई भेटी पुष्पलाल चोक नजिक रहेको जुँगा थापाचौर होटलमा राखी भोलीपल्ट निजले हामीहरुलाई रिक्सामा राखी रुपैडिहातर्फ पठाई आफु पछाडि आउँछु भनेको र निजले बाटोमा संघ संस्था र प्रहरीले रोकी सोधेमा रुपैडिहा सम्म सामान लिन जान लागेको भन्नु भनी सिकाएकोमा रुपैडिहा जाने बाटोमा संस्थाका कर्मचारीहरुले फेला पारी हामीहरुलाई सोधेकोमा संस्थाको परामर्शबाट बुझ्दै जाँदा निजले हामीहरुलाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजान लागेकाले यसमा संलग्न सबैजनालाई कानुन बमोजिम कारबाही गरी पाँउ भन्ने व्यहोराको परिवर्तित नाम ६५ ध १० समेतको जाहेरी दरखास्त।

२. म जाहेरवाला ज्याला मजदुरी गरी काठमाडौं बस्दै आएकी थिए। मैले विदेश जाने सोच गरेकोमा मेरो भेट माया लिम्बु र कमल गुरुङ्गसंग हुँदा निजले मलाई कुवेत पठाई दिन्छु, त्यहाँ दुःख हुँदैन पैसा पनि धेरै राम्रो कमाई हुन्छ, तलब पनि राम्रो हुन्छ तिमीलाई राम्रो हुन्छ भनी गफलतमा पारी मेरो पासपोर्ट समेत कमल गुरुङ्ग भन्ने व्यक्तिले बनाई दिएका हुन्।मिति २०७४।०५।१६ गतेका दिन निजले भिषा आईसकेको छ, भारतको बाटो हुँदै कुवेत जाने हो भनी म समेतलाई कमल गुरुङ्गले रु. ६,०००।– (छ हजार रुपैयाँ) दिई माया लिम्बुले काठमाडौं गंगबुबाट बसमा चढाई पठाएकीमा मिति २०७४।०५।१७ गतेका दिन नेपालगञ्ज आईपुगे पछि खेम बहादुर नेगी आई होटलमा राखी मिति २०७४।

०५।१८ गतेका दिन म समेतलाई रिक्सामा भारत रुपैडिहातर्फ पठाएकोमा बाटोमा संस्थाले रोकी सोधपुछ गर्दा प्रतिवादीहरुले म समेतलाई बेचबिखन गर्न भारततर्फ लैजान लागेको भन्ने कुरा थाहा पाएको हुँ। निज हामीसंगै एउटै रिक्सामा नगई फरक रिक्सामा गएको हुँदा बेचबिखन गर्न लैजान लागेको कुरा विश्वास लागेको हो भन्ने व्यहोराको पीडित ६५ ध १० ले अनुसन्धान अधिकारी समक्ष मौकामा गरेको कागज।

३. म जाहेरवाला ज्याला मजदुरी गरी काठमाडौं बस्दै आएकी थिए। विदेश जाने सोच गरी पासपोर्ट समेत बनाएकोमा माया लिम्बुसँग भेट हुँदा निजले मलाई कुवेत पठाई दिन्छु। त्यहाँ दुःख हुँदैन, राम्रो कमाई हुन्छ, तलब पनि राम्रो हुन्छ भनी गफलतमा पारी मेरो पासपोर्ट समेत लिई कमल गुरुङ्ग भन्ने व्यक्तिलाई दिएकी थिईन। मिति २०७४।०५।१६ गतेका दिन निजले भिषा आईसकेको छ। भारतको बाटो हुँदै कुवेत जाने हो भनी म समेत लाई काठमाडौं बसपार्कबाट बसमा चढाई मिति २०७४।०५।१७ गतेका दिन पठाएकी हुन्। नेपालगञ्ज आईपुगे पछि खेम बहादुर नेगी आई होटलमा राखी मिति २०७४।०५।१८ गतेका दिन म समेतलाई रिक्सामा भारत रुपैडिहातर्फ पठाएका हुन्। बाटोमा संस्थाले रोकी सोधपुछ गर्दा निज प्रतिवादीहरुले म समेतलाई बेचबिखन गर्न भारत तर्फ लैजान लागेको विश्वास लागेको हो भन्ने व्यहोराको पीडित ६५ सि ११ ले मौकामा अनुसन्धान अधिकारी समक्ष मौकामा गरेको कागज।

४. मानव बेचविखन तथा ओसार पसार मुद्दाका प्रतिवादी खेम बहादुर नेगीलाई पक्राउ गरी दाखिला गरेका छौं कानुन बमोजिम होस भन्ने व्यहोराको प्रहरी प्रतिवेदन।

५. म मान्छेहरुलाई विदेश पठाउने एजेन्टको काम गर्दै आएको छु। सोही क्रममा मेरो राप्ती ओभरसिज कम्पनीको कमला बोगटीसँग चिनजान भएको थियो। मिति २०७४/०५/१७ गतेका दिन निज कमला बोगटीले मोवाईल नं. ९८५७०६०३१० बाट फोन गरी मेरो मान्छे विदेश जानको लागि नेपालगञ्ज आउँदैछन्, उनीहरुलाई रुपैडिहा लगी त्यहाँबाट दिल्ली जाने बसमा चढाई दिनु भनेकाले मैले निजले भनेका जाहेरवालाहरुलाई मिति २०७४/०५/१७ गतेका दिन पुष्पलाल चोक नजिक फेला पारी रिसिभ गरी नजिकै जुगाँथापा चौर होटलमा राखी भोलिपल्ट रुपैडिहा जाने रिक्सामा चढाई म अगाडि रुपैडिहा पुगेकोमा

जाहेरवालाहरुलाई जमुनाह स्थित माईती नेपालले रोकेको थाहा जानकारी पाई घरमा आई बसेकोमा पछि पक्राउ परेको हुँ। मैले जाहेरवालाहरुलाई बेचबिखन गर्न लैजान लागेको होईन। कमला बोगटीले भनेकाले दिल्ली जाने बसमा चढाई दिन लैजान लागेको हुँ। निज कमला बोगटी राप्ती ओभरसिजको संचालक हुन। निजको सम्पर्क नं. ९८५७०६०३१० हो। उमेर अन्दाजी ३५/३६ वर्ष छ भन्ने व्यहोराको खेम बहादुर नेगीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

६. मिति २०७४/०५/१८ गतेका दिन मेरो माईती नेपालको जमुनाह पोष्टमा डिउटी थियो। दिनको समयमा भारत रुपैडिहातर्फ जान लागेका जाहेरवालाहरुलाई फेला पारी सोधपुछ गर्दा निजहरुले आफुहरुलाई माया लिम्बु र कमल गुरुङ्ग भन्ने व्यक्तिले कुवेत पठाई दिने भनी काठमाडौंबाट नेपालगञ्ज पठाएको, नेपालगञ्ज आएपछि खेम बहादुर नेगीले आफुहरुलाई रिक्सामा बसाली रुपैडिहातर्फ पठाएको, निजले रिक्सामा बसाल्दा बाटोमा संस्था र प्रहरीले सोधेमा रुपैडिहा सरसामान किन्न जान लागेको भन्नु भनी बताएकाले पीडितहरुलाई निज खेम बहादुर नेगी समेतले विभिन्न प्रलोभनमा पारी बेचबिखन गर्न भारततर्फ लैजान लागेको एकिन हुन आएकाले प्रतिवादीहरु खेम बहादुर नेगी समेतलाई कानून बमोजिम कारबाही होस् भन्ने व्यहोराको हिरा सार्कीले मौकामा गरेको घटना विवरण कागज।

७. मिति २०७४/०५/१८ गते म वारदात स्थान नजिकै थिएँ। भारत रुपैडिहातर्फ जान लागेका जाहेरवालाहरुलाई माईती नेपालका कर्मचारीहरुले फेला पारी सोधपुछ गर्दा निज जाहेरवालाहरुले आफुहरुलाई खेम बहादुर नेगी समेतले विदेश पठाई दिने भनी बेचबिखन गर्न भारततर्फ लैजान लागेको भनी बताएका हुन। निज प्रतिवादीहरु खेम बहादुर नेगी समेतले जाहेरवालाहरुलाई विदेश पठाई दिने बहानामा बेचबिखन गर्न भारततर्फ लैजान लागेकाले कानुन बमोजिम कारबाही होस भन्ने व्यहोराको शुशिल शर्मा र सन्तोष के.सी. समेतले मौकामा गरेको घटना विवरण कागज।

८. प्रतिवादी खेम बहादुर नेगीको मोवाईल नं. ९८२२४०६८३६, कमला बोगटीको मोवाईल नं. ९८५७०६०३१०, माया लिम्बुको मोबाईल नं. ९८०८५०६३५४, कमल गुरुङ्गको मोबाईल नं. ९८१३१७१९७१ र

पीडितहरुको सम्पर्क नं. बीच पटक-पटक फोन सम्पर्क रहेको भन्ने मोवाईल कल डिटेल विवरण।

९. मैले विगत २ महिना देखि जाजरकोटी जुँगाथापाचौर होटल सञ्चालन गर्दै आएको छु। मिति २०७४/०५/१७ गतेका दिन म होटलमा नै रहेको अवस्थामा प्रतिवादी भनीएका खेम बहादुर नेगीले साथमा दुई जना हाल खुल्न आएका पीडितहरुलाई साथमा लिई मेरो होटलमा आई खाना खाई बास बसि भोलिपल्ट विहान १०/११ बजेतिर निजहरु मेरो होटलबाट गएका हुन्। निजले मसँग परिचय गर्दा आफ्नो घर पनि जाजरकोट भनेका थिए। पछि मात्र निजले पीडितहरुलाई भारतको बाटो हुँदै विदेश पठाउन लैजाँदै गरेको अवस्थामा जमुनाह नाकाबाट पक्राउ परेको थाहा पाएँ। मेरो होटलमा ईन्ट्री रजिष्टर नभएकाले ईन्ट्री गरेको छैन भन्ने समेतको दिपेन्द्र सिंह ठकुरीको कागज।

१०. प्रतिवादीहरु खेमबहादुर नेगी, कमल गुरुङ्ग, माया लिम्बु र कमला बोगटी समेतले एक आपसमा मिलोमतो गरी पीडितलाई ललाई फकाई परिपञ्च मिलाई पीडितको नाजुक स्थितिको फाईदा उठाई पीडित परिवर्तित नाम ६५ ध १० र परिवर्तित नाम ६५ सि ११ को माया लिम्बुले कमल गुरुङ्ग मार्फत भिसा बनाई, भिसा आईसक्यो राम्रो कमाई हुन्छ कुवेत पठाई दिन्छु तर भारत दिल्लीबाट जानुपर्छ भनी मिती २०७४/०५/१६ गते कमल गुरुङ्ग, माया लिम्बुले काठमाडौं बसपार्कबाट नेपालगञ्जको नाईटबस चढाई ऐ. १७ गते नेपालगञ्ज पुष्पलाल चोकमा खेम बहादुर नेगीले रिसिभ गरी जाजरकोटी थापाचौर होटलमा बास बसाली ऐ.१८ गते रिक्सामा बसाली रुपैडिहा बोर्डर क्रस गराउने क्रममा जमुनाहा नाकामा संस्थाका कर्मचारीहरुले पीडितहरुलाई सोधपुछ गरी परामर्श गर्दा पीडितहरुले बेच्नको लागि भारततर्फ लग्न लागेको चाल पाई पीडितको उद्दार भएकोले प्रतिवादी खेमबहादुर नेगीले काठमाडौंबाट आएका पीडितहरुलाई कमला बोगटीले अह्राए अनुसार पुष्पलाल चोकमा रिसिभ गरी होटेलमा खाने बस्ने व्यवस्था मिलाई जाजरकोटी थापाचौर होटेलमा बास बसाई भोलिपल्ट नेपालगञ्जबाट रुपैडिहा क्रस गराउने कार्य गरेको हुँदा प्रतिवादी खेम बहादुर नेगीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ३ ले निषेध गरेको साथै दफा ४(२)(ख) र १५(१)(ङ)(२) बमोजिमको कसूर भएकोले निजलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरी

ऐ.दफा १७ बमोजिम पीडितहरुलाई प्रतिवादी खेमबहादुर नेगीबाट मनासिब माफिकको क्षतिपुर्ति भराई प्रतिवादी माया लिम्बु, कमला बोगटी र कमल गुरुङ्गको एकिन नाम, थर, वतन खुल्न नआएकाले निजहरुको वतन एकिन भई पक्राउ पर्न आएका बखत कानुन बमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको अभियोग मागदावी।

११. जाहेरी दरखास्त झुट्टा हो। मिति २०७४/०५/१६ गते मैले चिनेकी महिलाले मलाई फोन गरी मेरो मान्छेहरु दिल्लीमा काम गर्छन। तिनीहरु नेपालगञ्जको बाटो हुँदै दिल्ली जादैंछन। तपाईले तिनीहरुलाई रिसिभ गरी दिल्लीसम्म पुऱ्याउन सहयोग गर्नुस भनेपछि मैले निज पीडित भनीएकाहरुलाई पुष्पलालचोकमा रिसिभ गरी नजिकै रहेको जाजरकोटी जुंथाथापा चौर होटलमा लगी केही समय त्यहीं बसेपछि मैले पीडित भनीएका महिलालाई अटो रिक्शामा रुपैडिहातिर पठाएको हो। म साथमा गएको होइन। पछि मलाई प्रहरीले फोन गरेर बोलाएका र प्रहरी कार्यालयमा गएपछि मलाई पक्राउ गरेका हुन्। पीडितहरुले अनुसन्धान अधिकारी समक्ष गरेको बयान झुट्टा हो। मैले मानवीय नाताले रिक्शा खोजी पठाएको हो।अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान व्यहोरा झुट्टा हो। उक्त बयानको व्यहोरा मलाई पढी बाँची सुनाएको होइन। प्रहरीले सहिछाप गर्नुस भनेकाले सहिछाप गरेको हो। अभियोग दावी बमोजिम कसूर नगरेकाले अभियोग दावीबाट सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी खेम बहादुर नेगीले शुरु अदालत समक्ष गरेको बयान।

१२. प्रतिवादी खेम बहादुर नेगीले यस अदालतमा पीडितहरुलाई नेपालगञ्जको पुष्पलाल चोकमा रिसिभ गरी त्यहाँबाट नजिकै रहेको होटलमा बसी महिलाहरुलाई अटो रिक्सा खोजी निजहरुलाई रुपैडिहासम्म पठाएको हो तर म पीडितहरुको साथमा गएको होइन, मेरो कुनै संलग्नता छैन भनी कसूरमा इन्कार रही बयान गरेता पनि अधिकार प्राप्त अधिकारी समक्ष पीडितहरुलाई मिति २०७४/०५/१७ गतेका दिन पुष्पलाल चोकमा रिसिभ गरी जुंगाथापा चौर होटलमा राखी भोलिपल्ट रुपैडिहा जाने रिक्सामा बसाली गएकोमा, जाहेरवालाहरुलाई जमुनाहास्थित माइती नेपालले रोकेको थाहा जानकारी पाई घरमा आई बसेकोमा पछि पक्राउमा परेको हुँ। कमला बोगटीले भने बमोजिम दिल्ली जाने बसमा चढाई दिन लैजान लागेको हुँ भनी बयान गरेको, निजले

पीडित परिवर्तित नाम ६५ ध १० समेतलाई नेपालगञ्ज पुष्पलाल चोकमा रिसिभ गरी होटलमा बास बसाली निजहरुलाई दिल्लीसम्म पुऱ्याउने कार्यमा संलग्न रहेको भन्ने व्यहोराको किटानी जाहेरी रहेको देखिन्छ। निज प्रतिवादी खेम बहादुर नेगी पीडितहरुलाई रिसिभ गरी होटलमा राखी भारततर्फ लैजान लागेको र बेचविखन गर्ने उद्देश्य रहेको भन्ने पीडित परिवर्तित नाम ६५ ध १० र परिवर्तित नाम ६५ सि ११ ले अनुसन्धान अधिकारी समक्ष कागज गरेको र सो कागज अदालतबाट प्रमाणित गरिएको अवस्था देखिन्छ। मिसिल संलग्न सन्तोष के.सी.समेतको मौकाको घटनाविवरण कागज समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी खेम बहादुर नेगी अहिले नै निर्दोष हुन् भन्न सक्ने अवस्था नहुँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निज प्रतिवादीलाई नियमानुसार सीधा खान पाउने गरी मुलुकी ऐन, अ.बं.११८ को देहाय २ नं. बमोजिम मुद्दा पूर्पक्षका लागि थुनामा राख्न अ.बं.१२१ नं. बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय, बाँकेमा पठाई दिनु। साथै प्रस्तुत मुद्दा माननीय जिल्ला न्यायाधीश हाजिर भएपछि पुनर्विचारको लागि इजलास समक्ष नियमानुसार पेश गर्नु भन्ने शुरु अदालतबाट मिति २०७४/०६/२२ मा भएको आदेश।

१३. तत्काल प्रमाण प्रमाणका आधारमा यी प्रतिवादी खेम बहादुर नेगी अहिले नै निर्दोष हुन् भन्न सकिने अवस्था नहुँदा यस अदालतका श्रेस्तेदारबाट मिति २०७४/०६/२२ गते पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी भएको आदेशलाई कुनै परिवर्तन गरिरहनु नपर्ने देखिएकाले उक्त आदेश समर्थन गरिदिएको छ। प्रतिवादी चुक्ता भै सकेको देखिंदा निजका साक्षी र वादी नेपाल सरकारका साक्षी बुझी नियमानुसार पेश गर्नु भन्ने शुरु अदालतबाट मिति २०७४/०८/०५ मा भएको आदेश।

१४. मिति २०७४/०५/१७ गते म मेरो घरमा नै थिएँ। उक्त दिन प्रतिवादीसँग मेरो भेटघाट भएको थियो। प्रतिवादी खेम बहादुर नेगीका छोरा जेम्स नेगीलाई बिदेश पठाउने क्रममा राप्ती ओभरसिज काठमाडौंमा काम गर्ने कमला बोगटी बीच चिनजान भएको हो। निज कमला बोगटीले फोन गरी मेरो मान्छे नेपालगञ्ज आउँदैछन्। उनीहरुलाई त्यहाँ रिसिभ गरी खान बस्न र

रुपैडिहासम्म पुऱ्याउने व्यवस्था गरिदिनु भनेकाले सोही बमोजिम पीडित भनीएकाहरुलाई खानबस्न तथा रुपैडिहा जाने व्यवस्था मिलाई घर फर्केका हुन्। निज प्रतिवादी समाजसेवी व्यक्ति हुन्। निजको चालचलन बानी व्यहोरा राम्रो छ। प्रतिवादीले मानव बेचबिखन गर्ने कार्य गरेका होइनन्। मानवीय नाताले व्यवस्था गरिदिएकाले अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादीका साक्षी नेम बहादुर खत्रीले शुरु अदालत समक्ष गरेको बकपत्र।

१५. जाहेरी व्यहोरा ठीक साँचो हो। प्रतिवादी खेम बहादुर नेगीले तपाईहरुले सीमा पास गरिसकेपछि भारतको दिल्ली जाने गाडी भएको ठाउँमा भेट्ने भएका थिए। निज हामीसंग गएका होइनन्। हामीहरुलाई काठमाडौंबाट माया लिम्बुले २ जना साथमा लगाई पठाएकी हुन। निज २ जना पनि बिदेश जाने भन्थे। निजहरुको नाम थाहा भएन।पछि निजहरु कहाँ गए मलाई थाहा भएन। म दुई पटक बिदेश गएकी छु भन्ने व्यहोराको जाहेरवाला ६५ सि ११ ले शुरु अदालत समक्ष गरेको बकपत्र।

१६. घटना विवरण कागजको सबै व्यहोरा ठीकै हो।उक्त समय म नेपालगञ्ज भन्सारमा थिएँ। मेरो जाहेरवालासँग भेट हुँदा दुईजना बहिनी मात्र थिए भन्ने व्यहोराको घटनाविवरण कागज गर्ने हिरा सार्कीले शुरु अदालत समक्ष गरेको बकपत्र।

१७. वादीले यी प्रतिवादी उपर बेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको कसूर यी प्रतिवादी माथि लगाएको देखिएकोमा उल्लेखित आधार अवस्थाबाट उक्त कसूर पुष्टि नभएको, प्रतिवादी र पीडितहरुलाई पठाउने भनीएकी माया लिम्बु बीच फोन सम्पर्क पनि नदेखिएको र कमला बोगटीसंगको फोन सम्पर्क भएपनि प्रतिवादीका साक्षीको बकपत्र व्यहोराबाट निजहरुबीच फोन सम्पर्क हुन सक्ने अन्य कारण रहेको समेत देखिंदा यी प्रतिवादी उपरको अभियोग दावी बमोजिमको कसूर पुष्टि हुन नसकेकाले निज प्रतिवादी खेम बहादुर नेगीले अभियोग मागदावीबाट सफाई पाउने ठहर्छ। वादीको यी प्रतिबादी उपरको मानव बेचबिखन ओपारपसार नियन्त्रण ऐन, २०६४ को दफा ३ बिपरित दफा ४(२)(ख) र १५(१)(ङ)(२) बमोजिमको कसूर गरेकाले निजलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम

सजाय गरिपाउँ भन्ने अभियोग दावी पुग्न सक्दैन भन्ने शुरु बाँके जिल्ला अदालतबाट मिति २०७५।०२।०९ मा भएको फैसला।

१८. प्रतिवादी खेम बहादुर नेगी पीडितसँग पक्राउ परेको नदेखिए तापनि मौकामा बयान गर्दा राप्ती ओभरसिजको सञ्चालक कमला बोगटीको निर्देशन अनुसार पीडितहरुलाई दिल्ली पुऱ्याउने कार्यमा संलग्न रहेको तथ्य स्थापित भएको अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिने गरी भएको शुरु फैसला बदर गरी अभियोग माग दाबी बमोजिम सजाय गरिपाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारले मिति २०७५।०४।२७ मा उच्च अदालत, तुलसीपुर नेपालगंज इजलासमा पेश गरेको पुनरावेदन पत्र।

१९. फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ। वादी नेपाल सरकारले मानव बेचविखन तथा ओसार पसारको कसूर प्रमाणित हुने प्रमाण पेश गर्न सकेको देखिएन। प्रतिवादी उपर लगाइएको अभियोग प्रमाणित हुने प्रमाण पेश गर्न सकेको नदेखिंदा प्रतिवादीहरुलाई अभियोग दावीबाट सफाई दिने ठहऱ्याई गरेको शुरु फैसला मिलेकै देखियो। अतः शुरु बाँके जिल्ला अदालतबाट मिति २०७५/०२/०९ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने व्यहोराको उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०७५।६।१४ मा भएको फैसला।

२०. पीडित संकेत ६५ सि ११ ले बकपत्र गर्दा प्रतिवादी खेम बहादुर नेगीले पुष्पलाल चोकबाट रिक्सा गाडी चढाउँदा आफुले रुपैडिहा स्थित दिल्ली जाने बस लाग्ने ठाउँमा भेट गर्ने भनेका थिए भनी बकपत्र गरेबाट प्रतिवादी खेम बहादुर नेगी पीडित सँग नगई एक्लै रुपैडिहा गएको र रुपैडिहाबाट दिल्ली पुऱ्याउने काममा सहयोग गर्ने भनेको कुरा पुष्टि भएको देखिन्छ। प्रतिवादी र पीडित पूर्व परिचित नभएको भन्ने स्थापित भएको छ। प्रतिवादीले पीडितलाई बाटोमा कसैले सोधेको खण्डमा यही रुपैडिहासम्म मात्र हो भन्नु भनी झुटो कुरा भन्न सिकाएको भनी जाहेरीमा उल्लेख भएको र सो कुरा पीडितले बकपत्र गर्दा समर्थन गरेको व्यहोरालाई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासले प्रमाणमा नलिई **प्रमाण** ऐन, २०३१ को दफा १०(१) को खण्ड (ख) बमोजिम प्रमाणमा लिनुपर्नेमा नलिई भएको फैसला प्रमाण ऐन, २०३१ को दफा १० र मानव

बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) समेतको त्रुटी भएको छ। पीडितको बकपत्रलाई अन्यथा अर्थ लगाई पीडित २ पटक विदेश गएर आएकी भन्ने कारणबाट प्रतिवादीलाई सफाई दिने गरी भएको शुरु फैसला सदर गर्ने गरी भएको फैसला त्रुटीपूर्ण छ। कमला बोगटीले पीडितहरुलाई दिल्ली सम्म पुर्याउने काममा सहयोग गरिदिनु पर्यो भनी फोनबाट अनुरोध गरेकी भनी प्रतिवादीले अदालतमा समेत स्वीकार गरेको र सोही कारण मानवीय नाताले पीडितलाई पुष्पलाल चोकमा रिसिभ गरी खान बस्ने व्यवस्था मिलाई रुपैडिहा जाने रिक्सामा बसाई सहयोग गरेको हुँ भनी स्वीकार गरेबाट अन्य कुनै कामले कमला बोगटीसँग फोन भएको हुन सक्छ भन्ने अर्थमा कमला बोगटीसँग फोन हुन सक्ने कारणको आधार लिई भएको फैसला त्रुटीपूर्ण भई बदरभागी छ। उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाउँ भन्ने बेहोराको वादी नेपाल सरकारले मिति २०७५।१०।७ मा यस अदालतमा पेश गरेको निवेदन।

२१. यसमा पीडितको किटानी जाहेरी, प्रतिवादीको बयान र प्रतिवादी मौकामा साविती रहेको भएता पनि सफाई दिने गरी भएको उच्च अदालत तुलसीपुर नेपालगंज ईजलासको फैसलामा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को व्याख्याको प्रश्न समेत समाहित भएकाले न्याय प्रशासन ऐन, २०७३ को दफा १२ (१) को खण्ड (क) को अवस्था विद्यमान देखिंदा मुद्दा दोहोर्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ भन्ने व्यहोराको यस अदालतबाट मिति २०७६।४।६ मा भएको आदेश।

**ठहर खण्ड**

२२. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री जनक प्रसाद घिमिरेले पीडित संकेत ६५ सि ११ ले प्रतिवादी खेम बहादुर नेगीले पुष्पलाल चोकबाट रिक्सा चढाउँदा आफूले रुपैडिहास्थित दिल्ली जाने बस लाग्ने ठाउँमा भेट गर्ने भनेका थिए भनी शुरु अदालत समक्ष गरेको बकपत्र, प्रतिवादी खेम बहादुर नेगीले कमला बोगटीसँग कुराकानी भई होटलमा राख्दिन अनुरोध गरेकोले होटलमा राखी रुपैडिहासम्म पुर्याएको तथ्यमा शुरु अदालतसमक्ष साविति भएको, अन्य पीडितहरुको कागज लगायतका

प्रमाणहरुबाट यी प्रतिवादीले पीडितहरुलाई बेचबिखनको लागि बाहिर लैजान लागेको तथ्य पुष्टी भईरहेको अवस्थामा प्रमाणहरुको उचित मूल्याङ्कन नगरी प्रतिवादी र कमला बोगटीसँगको फोन अन्य प्रयोजनको लागि भएको हुन सक्छ भन्ने अनुमान गरी प्रतिवादी खेम बहादुर नेगीलाई अभियोग मागदावीबाट सफाई दिने ठहर गरेको शुरु बाँके जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासबाट भएको फैसला त्रुटीपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

२३. प्रस्तुत मुद्दामा प्रतिवादी खेमबहादुर नेगीले काठमाडौंबाट आएका पीडितहरुलाई कमला बोगटीले अहाए अनुसार पुष्पलाल चोकबाट आफ्नो साथमा लिई गई होटेलमा खाने बस्ने व्यवस्था मिलाई जाजरकोटी थापाचौर होटलमा बास बसाई भोलिपल्ट नेपालगञ्जबाट रुपैडिहा कटाउने कार्य गरेको हुँदा प्रतिवादी खेम बहादुर नेगीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ३ ले निषेध गरेको साथै दफा ४(२)(ख) र १५(१)(ङ)(२) बमोजिमको कसूर भएकोले निजलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरी ऐ. दफा १७ बमोजिम पीडितहरुलाई प्रतिवादी खेमबहादुर नेगीबाट मनासिब माफिकको क्षतिपुर्ति भराई प्रतिवादी माया लिम्बु, कमला बोगटी र कमल गुरुङ्गको एकिन नाम, थर, वतन खुल्न नआएकाले निजहरुको बतन एकिन भई पक्राउ पर्न आएका बखत कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको अभियोग मागदावी रहेको पाइन्छ। प्रतिवादी खेम बहादुर नेगी उपरको अभियोग मागदाबी बमोजिमको कसूर पुष्टि हुन नसकेकाले निजलाई शुरु बाँके जिल्ला अदालतले अभियोग मागदावीबाट सफाई पाउने ठहरी फैसला भएको देखियो। बाँके जिल्ला अदालतको सो फैसलाउपर वादी नेपाल सरकारको उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलाससमक्ष पुनरावेदन परेकोमा शुरु फैसला सदर हुने ठहर गरी भएको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट मुद्दा दोहोर्‍याई हेरी पाउँ भन्ने निवेदन परी यस अदालतबाट मिति २०७६।०४।०६ मा मुद्दा दोहोर्‍याई हेर्ने अनुमति भई प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा दर्ता भई निर्णयार्थ यस इजलास समक्ष पेस भएको रहेछ।

२४. उल्लिखित मिसिल अध्ययन गरी बहस जिकिर समेत सुनी हेर्दा प्रस्तुत मुद्दामा निम्न विषयहरुमा निर्णय गर्नुपर्ने देखियो:

क) प्रतिवादीहरुलाई अभियोग लागेको मानव वेचविखन तथा ओसारपसार सम्बन्धी कसूर हो वा मानव तस्करी सम्बन्धी कसूर हो?

ख) उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासबाट मिति २०७५/०६/१४ मा भएको फैसला मिलेको छ वा छैन? र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन?

२५. निर्णयतर्फ विचार गर्दा यसमा प्रतिवादी खेम बहादुर नेगीलाई अभियोग मागदाबी बमोजिमको कसूरबाट सफाई दिने गरी भएको उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासको फैसलाउपर नेपाल सरकारको तर्फबाट परेको पुनरावेदनपत्र हेर्दा, प्रतिवादीले पिडितहरुलाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजान लागेको र सो क्रममा पिडितलाई बाटोमा कसैले सोधेमा रुपैडिहासम्म हो भन्न सिकाएको भन्ने जाहेरीमा उल्लिखित व्यहोरालाई समर्थन हुने गरी पीडितले अदालतसमक्ष बकपत्र गरेको, प्रतिवादी र कमला बोगटी बिच पीडितहरुलाई दिल्लीसम्म पुऱ्याउने भनी फोन सम्पर्क भएको व्यहोरामा प्रतिवादी खेम बहादुर नेगी अदालतसमक्ष साविति भएको अवस्थामा निजलाई अभियोग मागदाबीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। उक्त त्रुटिपूर्ण फैसला उल्टी गरी निजलाई अभियोग मागदाबी बमोजिम सजाय गरी पाउँ भनी जिकिर लिएको देखिन्छ।

२६. अब यस सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर बमोजिम प्रस्तुत मुद्दा मानव बेचविखन, मानव ओसारपसार अन्तर्गतको कसूर हो वा होइन तथा मानव तस्करी के कस्तो प्रकृतिको कसुर हो भन्ने सम्बन्धमा विवेचना गर्नुपर्ने देखियो।

२७. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ मा मानव बेचविखन र ओसारपसार गर्न नहुने भनी मानव बेचबिखन र मानव ओसारपसारलाई अपराधिकरण गरेको पाइन्छ।[1] उक्त ऐनको दफा ४ को उपदफा (१) मा *कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृतिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अंग झिक्ने, वेश्यागमन गर्ने कार्यलाई* ***मानव बेचविखन*** *गरेको मानिनेछ* भनी उल्लेख

[1] मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ३।

गरेको पाइन्छ।[२] यस परिभाषाभित्र मुलतः मानव बेचविखनको कार्य आन्तरिक प्रकृतिको हुने भन्ने देखिन्छ। दफा ४ को उपदफा (२) को (क) मा *किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) मा वेश्यावृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले प्रपञ्ज मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीरबन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने*[३], *(ग) मा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्ठा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक  वा निज रहेको स्थान बाहेक अन्य मलुकमा गैरकानूनी रूपमा प्रवेश गराउने* ***मानव तस्करी*** *सम्बन्धी कार्य गरे वा गराएमा र (घ) मा किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नपोलको मार्ग प्रयोग गरी अर्को मलुकमा पठाउने वा कुनै मलुकमा पठाउने उद्देश्यको लागि नेपाल ल्याउने कार्यलाई* **मानव ओसारपसारको** कसूर अन्तर्गत समावेश गरेको देखिन्छ।[४] यस परिभाषाभित्र ओसारपसारको कार्य आन्तरिक वा बाह्य दुवै हुन सक्ने भन्ने देखिन्छ। यसको अलावा ऐनको दफा २(ङ) मा शोषणको परिभाषा गरी दफा १५(१)(च) मा त्यस्को छुट्टै सजायको व्यवस्था समेत गरेको देखिन्छ। मिति २०८० सालमा गरिएको संशोधनले मानव ओसारपसारभित्र मानव तस्करी सम्बन्धी कार्य गरेमा भन्ने शब्दहरु राखी त्यस्को परिभाषा नगरी केवल ओसारपसारको सजाय उल्लेख गरेको पाइन्छ।

२८. मानव बेचबिखन, ओसारपसार तथा मानव तस्करी झट्ट सुन्दा उस्तै प्रकृतिका कसूर भन्ने लागे पनि यी कसूरहरु फरकफरक हुन्। यी कसूरहरु बिच तात्विक

---

[२] मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ४(१)

[३] मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ४(२)

[४] सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

भिन्नता देखिन्छ र ती भिन्नता मूल रूपमा तीन पक्षमा प्रस्ट देखिन्छन्: कार्य, माध्यम र उद्देश्यमा। यी तीनै पक्ष बेचबिखन, ओसारपसार र तस्करीका आयाममा उत्तिकै महत्त्वपूर्ण छन् तर फरक दृष्टिकोणबाट। मानव बेचबिखन, ओसारपसार र तस्करी तीनैमा मानिसको ओसारपसार, पैसाको संलग्नता, अवैधानिक तरिकाले सीमा पार गराउनेजस्ता कार्यमा समानता पाइन्छ। तर यी कसूरका उद्देश्यमा तात्त्विक भिन्नता पाइन्छ। मानव बेचबिखन र मानव ओसारपसारको अन्तिम लक्ष्य भनेको शोषण हो, चाहे त्यो यौन शोषण होस् या श्रम शोषण अथवा शरीरका अंग, रगत, छाला र हाडहरू निकाल्नु, सरोगेसीमा महिलाको प्रयोग नै किन नहोस्।[५] यता मानव तस्करीको अन्तिम लक्ष्य भनेको अवैधानिक तरिकाले तस्करीको बाटो रोजेर जाने व्यक्ति/परिवारबाट सीमा कटाएबापत पैसा असुल्ने अनि तस्कर र तिनका समूहले भरपूर नाफाको व्यापार गर्ने काम हो। विचारणीय पक्ष के छ भने तस्करीको बाटो रोजेर गिरोहलाई भनेजति पैसा तिरेर जाने व्यक्ति/परिवार/समूह भने गन्तव्यमा पुग्ने निश्चितता नहुन सक्दछ।

२९. मानव बेचबिखन, ओसारपसार तथा मानव तस्करी बुझ्न ख्याल गर्नुपर्ने अर्को पक्ष भनेको प्रभावित व्यक्तिहरूको सहमति हो। संयुक्त राष्ट्रसंघको परिभाषा अनुसार, मानव बेचबिखन र ओसारपसारमा व्यक्तिको सहमतिको कुनै गुन्जायस हुँदैन; यसमा सके फकाएर, लोभलालचमा पारेर, विवाह गरेर, झुक्याएर नभए डर– धम्की दिएर, विभिन्न जालझेल गरेर, बेहोस बनाएर, यातना दिएर व्यक्तिहरूको ओसारपसार गरिन्छ।[६] तर मानव तस्करीमा सम्बन्धित व्यक्ति वा उसको परिवारको सहमति हुन्छ। जान चाहने र लगिदिने दुवै थरीको सहमति भएरै यो तस्करीको प्रक्रिया अगाडि बढेको हुन्छ।[७] अवैधानिक रूपमा सीमा पार गराउनुपर्ने भएकाले मानव तस्करीमा नीतिगत भ्रष्टाचार, घूसपैठ, पद र संस्थागत शक्तिको दुरुपयोगजस्ता राज्यविरुद्धका अपराधका आधारहरू अनिवार्य हुन्छन्। मानव बेचबिखनमा

---

[५] The UN Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Espcially Women and children defines the recruitment, transportation, transfer, harbouring or receipt of person by means of threat, or use of force or other form of coercion. Of abduction, of fraud, of deception, of abuse of poweror of position of vulnerability or of giving or receiving payment or benefits to achieve the consent of a person having control over another person, for the purpose of exploitation.

[६] Article 3 of Palermo Protocol to Prevent, Suppress and Punish Trafficking in Person, especially Women and Children Children suplimneting the UN Convention against Transnational Organized Crime, 2000 (Trafficking Protocol).

[७] Article 3 of Protocol against the Smuggling of Migrants by Land, Sea and Air, supplementing UN Convention against Transnational Organized Crime, 2000.

व्यक्तिमाथिको छलकपट, डर– धम्की, लोभलालच, जालझेल र उत्पीडन, हिंसा हुने हुँदा पीडित व्यक्तिको मानव अधिकारको हननसँग जोडिन्छ । मानव बेचबिखनमा पनि गैरकानुनी रूपमा सीमा कटाइन्छ तर मानव तस्करीमा प्रथमतः राज्यलाई ठगिन्छ र गुमराहमा राखिन्छ भने मानव बेचबिखनमा मुलतः व्यक्तिलाई ठगिन्छ।

३०. मानव ओसारपसार र मानव तस्करीका सम्बन्धमा नेपालको इतिहास हेर्ने हो भने सन् १७४९ मा राजा रण बहादुर शाहले मानव बेचविखनलाई सर्वप्रथम अपराधको दायरामा ल्याइएको देखिन्छ।[८] वि.सं १९१० मा मुलुकी ऐन जारी भएपछि दास व्यापार, बालबालिकालाई तिनीहरूका आमाहरूबाट अलग गर्ने कार्य र तिनीहरूलाई बेच्ने कार्य निषेधित गरेको पाइन्छ। मुलुकी ऐन जारी भएको ११० वर्ष पश्चात वि.सं २०२० मा *मानव बेचविखन र सो प्रयोजनका लागि कसैलाई नेपालको सिमा बाहिर लैजाने नहुने* भनी निषेधित तथा अपराधीकरण गरेकोमा[९] साबिक मानव बेचविखन (नियन्त्रण) ऐन, २०४३ ले मुद्दा दायर गर्न कुनै हदम्याद नहुने, प्रमाणको भार अभियुक्तमा रहने, अदालतमा पिडितको बयानको पुनः पुष्टि गरिने जस्ता कुराहरु समावेश गरी मुलुकी ऐनमा भन्दा केही नयाँ अवधारणहरु समावेश गरेको पाइन्छ। उक्त ऐनलाई प्रचलित मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले प्रतिस्थापित गरी पिडितको संरक्षण तथा पुर्नस्थापना जस्ता कुराहरुलाई आत्मसाथ गरेको पाइन्छ। यति हुँदाहुदै पनि यस ऐनले शोषणको परिभाषा गर्दा स्पष्ट रुपमा श्रम शोषणलाई परिभाषा गरेको पाइदैन र श्रम शोषण गर्ने विरुद्ध कुनै सजायको प्रावधान र श्रम शोषणको लागि गरिने ओसारपसारका सम्बन्धमा कुनै कानूनी प्रावधान उल्लेख गरेको भेटिदैन। साथै मानव तस्करीको प्रकृति मानव ओसारपसारको भन्दा भिन्न भए पनि मानव तस्करीलाई समेत मानव ओसारपसार भित्र नै समावेश गरेको देखिन्छ।

३१. यस सम्बन्धमा Palermo Protocol (Protocol to Prevent, Supress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the

---

[८] Sabin Shrestha and Roshana Pradhan, *'Analysis of legal gaps in Human Trafficking and Transportation (Control) Act, 2007 and the Foreign Employment Act, 2007'*, Forum for Women Law and Development (FWLD), available at, https://fwld.org/wp-content/uploads/2021/12/Legal-gap-analysis-trafficking.pdf , accessed on 15th May, 2024

[९] Ibid

United Nations Convention Against Transnational Organized Crime, 2000) को धारा ३ ले "Trafficking in persons" shall mean the recruitment, transportation, transfer, harbouring or receipt of persons by means of the threat or use of force or other forms of coercion, of abduction, of fraud, of deception, of the abuse of power or of a position of vulnerability or of the giving or receiving of payments or benefits to achieve the consent of a person having control over another person for the purpose of exploitation.[१०] भनी मानव वेचबिखन भन्नाले डर, धाक, धम्कि दिएर, झुक्काएर, शरीर बन्धकमा लिएर, जोखिममा रहेका व्यक्तिको सहमति लिई वा नलिई शोषण गर्ने कार्य भन्ने परिभाषित गरेको पाइन्छ। Palermo Protocol ले मानव वेचविखन बारे स्पष्ट रुपमा उल्लेख गरेको भएतापनि उक्त Protocol मा मानव तस्करीलाई कसूरको रुपमा अपराधिकरण गरेको पाइदैन।

३२. Protocol Against the Smuggling of Migrants by Land, Sea And Air, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000 को धारा ३ (a) मा कुनै व्यक्तिलाई आर्थिक र वस्तुगत फाइदाको लोभ देखाई अन्य मुलुकमा गैरकानूनी तरिकाबाट पुऱ्याउने कार्यलाई मानव तस्करी भनी परिभाषित गरेको देखिन्छ।[११] नेपालले हालसम्म यो प्रोटोकल अनुमोदन गरेको देखिँदैन।

३३. यस सम्बन्धमा अन्य देशको तुलनात्मक अध्ययन गर्दा, US Immigration and Custom Enforcement को "Corner Stone Report" ले मानव वेचविखन तथा ओसारपसारलाई Human trafficking involves exploiting men, women, or children for the purposes of forced labor or commercial sexual exploitation भनेर परिभाषित गरेको पाइन्छ[१२] भने उक्त प्रतिवेदनले मानव तस्करीलाई Human smuggling involves the provision of a service—typically, transportation or

---

[१०] OHCHR, Protocol to Prevent, Supress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000, retrieved from https://www.ohchr.org/en/instrumentsmechanisms/instruments/protocol-prevent suppress-and-punish-trafficking-persons , (Accessed: 04 April 2024).

[११] Article 3 of Protocol Against the Smuggling of Migrants by Land, Sea And Air, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000 defines, *Smuggling of migrants shall mean the procurement, in order to obtain, directly or indirectly, a financial or other material benefit, of the illegal entry of a person into a State Party of which the person is not a national or a permanent resident.*

[१२] The Coner Stone Report, US Immigration and Custom Enforcement , available at, https://www.ice...../sites/default/files/documents/Report/2017/CSReport-13-1.pdf, accessed on 29th April

fraudulent documents—to an individual who voluntarily seeks to gain illegal entry into a foreign country भनेर परिभाषित गरेको पाइन्छ।[१३]

३४. त्यसै गरी INTERPOL (The International Criminal Police Organization) ले Traffickers use all sorts of methods to recruit victims for the purpose of exploitation[१४] भनेर मानव बेचबिखन तथा ओसारपसारलाई परिभाषित गरेको पाइन्छ। त्यसैगरी, INTERPOL ले human smuggling अर्थात् मानव तस्करीलाई migrant smuggling अन्तर्गत राखी migrant smugglers take advantage of people who want to escape hardship and for a better life, facilitating their legal entry to a country[१५] भनी परिभाषित गरेको देखिन्छ। उक्त परिभाषाबाट **मानव तस्करी भनेको पीडितको सहमतिमा सहज जीवनयापनको लागि गैरकानूनी बाटोको प्रयोग गरी पीडितलाई एक देशबाट अर्को देशमा पुऱ्याउने कार्य भन्ने देखिन्छ।**

३५. यसैगरी छिमेकी राष्ट्र भारतको Punjab राज्यको The Punjab Prevention of Human Smuggling Act, २०१२ अनुसार "Human Smuggling" shall mean and include illegally exporting, sending or transporting persons out of India or any type of facilitation thereto by receiving money from them or their parents, relatives or any other person interested in their welfare, by inducing, alluring or deceiving or cheating[१६] भनेर परिभाषित गरेको पाइन्छ। यस परिभाषा अनुसार मानव तस्करी" भन्नाले गैरकानूनी रूपमा व्यक्तिहरूलाई भारतबाट बाहिर पठाउने वा ओसारपसार गर्ने वा उनीहरूबाट वा उनीहरूका अभिभावक, आफन्त वा उनीहरूको हितमा चासो राख्ने अन्य व्यक्तिहरूलाई प्रेरित गरी, प्रलोभनमा पारी वा धोका दिएर पैसा लिई कुनै प्रकारको सहजीकरण गर्नु भनी उल्लेख गरेको पाइन्छ।

३६. त्यसै गरी ***SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002* को *Art. I(3)* ले *"Trafficking"*** means the moving, selling or buying of women and children for prostitution within and outside a country for monetary or other considerations with or

---

[१३] Ibid

[१४] The International Criminal Police Organization INTERPOL. Available at: https://www.interpol.int/ (Accessed: 04 April 2024).

[१५] *Ibid*

[१६] The Punjab Prevention of Smuggling Act, 2012, available at https://prsindia.org/files/bills_acts/acts_states/punjab/2013/2013PB2.pdf, accessed on 29th March 2024

without the consent of the person subjected to trafficking.[१७]भनी बेचविखनलाई परिभाषित गरेको पाइन्छ। यस परिभाषा अनुसार आर्थिक वा अन्य प्रतिफलको लागि महिला र वालबालिकाको अनुमति नलिई वेश्यावृतिमा संलग्न गराउने उद्देश्यका साथ देश भित्र एक ठाउँबाट अर्को ठाउँ र एक देशबाट अर्को देशमा लगेर किनबेच गर्ने कार्यलाई मानव बेचबिखनको रुपमा लिएको पाइन्छ। ***SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002*** लाई नेपालले १५।११।२००५ मा अनुमोदन गरेको देखिन्छ। यस महासन्धिले मानव तस्करी (human smuggling) लाई परिभाषित गरेको पाईदैन।

३७. मानव तस्करीको कसूर के कस्तो प्रकृतिको हो र के कस्तो सजाय हुनुपर्छ भन्ने सम्बन्धमा भारतको Punjab Human Smuggling Act, 2012 को दफा १३(१) मा मानव तस्करीमा संलग्न भए वापत कम्तिमा पनि ३ वर्ष कैद सजाय र अधिकतम ७ वर्ष कैद सजाय तथा ५ लाख सम्म जरिवानाको प्रावधान रहेको पाइन्छ।

३८. यसैगरी अमेरिकाको Immigration and Nationality Act को दफा २७४ को 8 U.S.C 1324 ले विदेशी नागरिकलाई ल्याउन र आश्रय दिन प्रतिबन्ध लगाएको छ र कसैले सो कार्य गरे वापत अपराधको गम्भिरता हेरेर ५, १० , १५ र २० वर्षको कैद सजाय तथा तस्करी गर्ने क्रममा उक्त मानिसको मृत्यु भएमा मृत्यु दण्ड वा जन्मकैदको व्यवस्था तथा जरिवानाको व्यवस्था गरेको पाइन्छ[१८]। यसैगरी बेलायत को हकमा Immigration Act, 1971 को दफा २५ मा सदस्य राष्ट्र वा बेलायत मा गैरकानूनी आप्रवासनमा सहयोग गर्ने कामलाई अपराधिकरण गरिएको पाइन्छ। सो ऐनको दफा २५(६) मा कुनै व्यक्ति दफा २५ बमोजिम दोषी पाइएमा विभिन्न सजायको व्यवस्था गरिएको छ जस्तैः (a) on conviction on indictment: जन्मकैद वा जरिवाना वा दुवै (b) on summary conviction: ६ महिना

---

[१७] SAARC Secretariat, SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002, Retrieved from https://www.saarc-sec.org/ (Accessed: 04 April 2024).

[१८] Immigration and Nationality Act, US Citizenship and Immigration Service, available at, https://uscode.house.gov/view.xhtml?req=granuleid:USC-prelim-title8-section1324&num=0&edition=prelim, accessed on 16th May, 2024.

सम्म कैद वा कानूनी अधिकतम सीमा नबढाउने गरी जरिवाना वा दुवै हुने भन्ने प्रावधान रहेको पाइन्छ[१९]।

३९. इटालीको glauco's I भन्ने मुद्दाले मानव तस्करीलाई जघन्य अपराधको घेरामा राखेर केहि विषेश व्यबस्था अघि सारेको पाइन्छ। उक्त मुद्दाको निर्णयमा अटोरे मिडिएटो (doctrine of autore mediato) को सिद्धान्तको आधारमा इटालियन न्यायिक क्षेत्राधिकारको कानुनी अभ्यासको लागि आपराधिक आचरण गठन गर्ने कार्य पुर्ण वा आंशिक रुपमा इटालीकै भुमिमा हुन पर्ने इटालीको फौजदारी संहिताको धारा ६ मा रहेको व्यवस्थालाई आत्मसाथ गर्दै आपराधिक षडयन्त्रको सन्दर्भमा, राज्यको अधिकार क्षेत्र सबै सह-अपराधीहरू (विदेशमा भए पनि) सम्म विस्तार हुनेछ जबसम्म साझा आपराधिक योजनामा सहभागी हुने कुनै पनि कार्य, कुनै पनि सहयोगीद्वारा इटालीमा हुनेछ भनेर उल्लेख गरिएको पाइन्छ। [२०] Therefore, Italian jurisdiction is triggered, preventing the gap of impunity and giving interrelated effect to Article 5 of the United Nations Convention against Transnational Organized Crime (UNTOC) भनी उक्त मुद्दामा निर्णय गरिएको देखिन्छ।

४०. यसरी मानव बेचविखन, मानव तस्करीका सन्दर्भमा माथि विभिन्न खण्डमा अवधारणात्मक पक्षहरु, परिभाषा, अपराधको सामना गर्ने सन्दर्भमा तुलनात्मक कानुनी व्यवस्था, अन्तराष्ट्रिय संन्धी सम्झौता र हाम्रो कानूनी व्यवस्था समेतको अध्ययनबाट **मानव बेचबिखन र ओसारपसारको कसूर स्थापित हुन शोषण गर्ने उद्देश्यले व्यक्तिको सहमति बिना फकाएर, लोभलालचमा पारेर, झुक्यानमा पारेर नभए डर धम्की दिएर, विभिन्न जालझेल गरेर, बेहोस बनाएर वा यातना दिएर व्यक्तिको ओसारपसार भएको हुनपर्ने देखिन्छ भने मानव तस्करीको अपराध स्थापित हुन पीडितको सहमतिमा सहज जीवनयापनको लागि गैरकानूनी बाटो प्रयोग गरी पीडितलाई तस्कर वा उसका समूहले आर्थिक लाभ लिने उद्देश्यले एक देशबाट अर्को देशमा पुऱ्याउने कार्य भएको हुनुपर्ने देखिन्छ।** प्रस्तुत मुद्दामा प्रतिवादी खेम

---

[१९] Immigration Act, 1971, available at https://www.legislation.gov.uk/ukpga/1971/77/section/25, accessed on 17th May, 2024.

[२०] Case n. 10341/15 R.N. G.I.P. - Glauco I, Case Law Database, UNODC. Available at https://sherloc.unodc.org/cld/case-law-doc/criminalgroupcrimetype/ita/2014/case_n._1034115_r.n._g.i.p._-_glauco_i.html , accessed on July 7th, 2024.

बहादुर नेगीले पीडितहरुलाई कुवेत पठाइदिने प्रलोभनमा पारी पीडितहरुलाई भारतको सीमा पार गराउने उद्देश्यले नेपालगंज रुपैडियाको सिमा कटाउने कार्य गरेको भन्ने भएपनि निज प्रतिवादी उपर अभियोजन गर्दा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य गरेको भनी मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा, दफा ४(२) (ख) र दफा १५ (१) (ङ) (२) को कसूरमा सोही ऐनको दफा १५ (१) (ङ) (२) बमोजिम सजाय गरी पाउँ भनी मानव बेचबिखन तथा ओसारपसारको अभियोग दावी लिएको देखिन्छ। सो सन्दर्भमा यी प्रतिवादी खेम बहादुर नेगी शुरु देखि नै अभियोगदाबीमा इन्कार रही बयान गरेको देखिन्छ र निजका साक्षीले निज समाजसेवी भएको र पीडितलाई मानवीय नाताले सहयोग मात्र गरेको हो भनी निजको बयानलाई समर्थन हुने गरी अदालतसमक्ष बकपत्र गरेको देखिन्छ। यी प्रतिवादी पीडितहरुको साथबाट पक्राउ परेको समेत देखिँदैन। यी प्रतिवादीको मानव बेचविखन तथा ओसारपसार गर्ने कार्यमा संलग्न भनिएका कमल गुरुङ्ग र माया लिम्बुसँग पटक पटक सम्पर्क भएको भन्ने देखिएतापनि सो सम्पर्क मानव ओसारपसारको लागि नै भएको हो भनी वादी पक्षले वस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको समेत देखिँदैन। पिडित ६५सि११ ले शुरु अदालत समक्ष प्रतिवादी खेम बहादुर नेगी हामीसँग गएका होइनन्। हामीहरुलाई काठमाडौंबाट माया लिम्बुले अन्य दुई जनाको साथ लगाई पठाएको हुन् भनी यी प्रतिवादी खेम बहादुर नेगी उपर कुनै पोल नगरी बकपत्र गरेको देखिन्छ।

४१. मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ९ मा *कुनै व्यक्तिलाई यस ऐन अन्तर्गत को कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्याउनु पर्नेछ* भनी उल्लेख भएको पाइन्छ। ऐ. को दफा ३ को उपदफा (२) मा ***कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ।*** ऐ. को दफा ४ को उपदफा (२) को खण्ड (ख) मा ***वेश्यावृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई, फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक धम्की दिई वा करकापमा पारी कसैलाई***

*बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ।* ऐ. ऐनको दफा १५ को उपदफा १ को खण्ड (ङ) को देहाय (२) *मा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैंयादेखि एक लाख रुपैंयासम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैंया जरिवाना हुनेछ।* ऐ. ऐनको दफा १७ को (१) मा *अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ* भन्ने व्यवस्था रहेको देखिन्छ। सोतर्फ विचार गर्दा प्रतिवादी खेम बहादुर नेगीको जाहेरवालाहरुसँग पूर्व चिनजान रहेको अवस्था नभएको, निजले जाहेरवालाहरुलाई कुनै प्रकारको आश्वाशन दिएर जाहेरवालाहरुलाई गलफतमा नपारेको भन्ने कुरा स्वयम जाहेरवालाहरुले स्वीकारेको अवस्था छ। निज प्रतिवादीले मानवीय नाताले (**good faith**) मा रासि ओभरसिज कम्पनिको कमला बोगटीले भने अनुरुप जाहेरवालाहरुलाई रिसिभ गरि दोस्रो दिन अटो रिक्सामा रुपैडिहा तर्फ पठाएको भनी शुरु अदालत समक्ष बयान समेत गरेको देखिन्छ। जमुनाहस्थित माइति नेपालले जाहेरवालाहरुलाई रोक्दा समेत निज प्रतिवादी साथमा नभएको कुराले उनको बयानलाई पुष्टी गर्दछ। **The Punjab Prevention of Human Smuggling Act,** २०१२ को दफा २१(१) मा (**No suit, prosecution or other legal proceeding shall lie against any person for anything, which is done or intended to be done or order issued in good faith in pursuance of the provisions of this Act or the rules made thereunder)** भन्ने प्रावधान रहेको पाइन्छ। अर्थात् असल नियतले गरेको वा गर्न खोजिएको वा आदेश जारी गरेको कुनै पनि व्यक्तिविरुद्ध कुनै मुद्दा, अभियोजन वा अन्य कानुनी कारवाही चल्ने छैन। यहाँ प्रतिवादिले (**good faith**) मा कार्य गरेको कुरा वादी पक्षले अन्यथा प्रमाणित गर्न सकेको अवस्था छैन्। यसरी परिस्थितिजन्य प्रमाणको माध्यमबाट प्रतिवादीले मानवबेचबिखन जस्तो जघन्य अपराधमा आफ्नो संलग्नता नभएको प्रमाण पेश गरेको अवस्था देखिन्छ। यी प्रतिवादीले पीडितलाई वेश्यावृतिमा लगाउने, बेश्यागमन वा मानव अंग झिक्ने बेच्ने वा शोषण गर्ने उद्देश्यले नेपालबाट भारततर्फ लगेको भन्ने पुष्टि हुने र सो कार्यमा प्रतिवादीको

संलग्नता पुष्टि गर्ने वस्तुनिष्ठ सबुत प्रमाण वादी पक्षबाट पेश हुन सकेको देखिदैन। यद्यपि प्रतिवादी उपर अभियोजन गर्दा निजले पीडितहरुलाई विदेश लगेको भन्ने नभई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको भन्ने देखिन्छ। यस अवस्थामा अनुमानको आधारमा मात्र यी प्रतिवादीलाई मानव बेचविखन तथा ओसारपसारको कसूरमा सजाय गर्न मिल्ने अवस्था देखिदैन।

४२. प्रस्तुत मुद्दामा पिडितहरुको आर्थिक अवस्था कमजोर रहेको, वैदेशिक रोजगारीका लागि कुवेत पठाईदिन्छु भनी पासपोर्ट दिएको, भिसा आईसकेको भनी भारत पठाउन नेपालगंज पुऱ्याएको, र यी प्रतिवादीले पिडितहरुलाई निजहरुको सहमतिमै नेपालगंजबाट भारत लैजाने क्रममा संघसंस्थाका प्रतिनिधिहरुको सक्रियतामा पिडितहरुको उद्दार भएको भन्ने देखिन्छ। प्रस्तुत मुद्दाका तथ्यहरुले पिडितहरुलाई भारतमा लगी वेश्यावृतिमा लगाउने वा अन्य कुनै प्रकारको शोषण गर्ने उद्देश्य राखेको भन्ने देखिदैन। राम्रो आम्दानी हुने, सहज जीवनयापन हुने भनी पीडितहरुको सहमतिमै रोजगारीको प्रयोजनको लागि पिडितहरुलाई भारतको बाटो हुदै कुवेत लैजाने भन्ने उद्देश्य रहेको देखिन्छ। यस्तो कार्य वैधानिक रुपमा बैदेशिक रोजगारीमा लगेको भन्ने मान्न सकिने देखिदैन। पीडितहरुको सहमतिमा अवैधानिक तरिकाबाट निजहरुलाई अर्को देशमा लैजाने कार्यलाई मानव तस्करी मानिन्छ। सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गने ऐन, २०८० द्वारा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) पछि खण्ड (ग) थप गरी मानव तस्करीको कार्यलाई समेत मानव ओसारपसारको कसूर अन्तर्गत सजाय हुने प्रवन्ध गरिए पनि सो भन्दा अघि मानव तस्करीलाई नेपालको कानूनले परिभाषित गरेको वा अपराधीकरण गरेको देखिदैन। फौजदारी न्यायको मान्य सिद्धान्त अनुसार जुन कसुर भएको हो त्यही कसूरमा मात्र सजाय गर्न पदर्छ। **मानव तस्करीको कार्यलाई मानव वेचविखन तथा ओसारपसारमा परिणत गरी अभियोग लगाएको आधारमा मात्र प्रतिवादीलाई सजाय गर्नु न्यायोचित देखिदैन। यस प्रसङ्गमा मानव तस्करी सम्बन्धी उचित र पूर्ण कानुनी प्रावधान गर्नु भनी नेपाल सरकार गृह मन्त्रालयलाई ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ।**

४३. वैदेशिक रोजगारीको लागि वैदेशिक रोजगार ऐन, २०६४ ले त्यस प्रयोजनको निम्ति अनुमति लिन पर्ने लगायतका निश्चित प्रक्रिया पुरा गर्नु पर्ने[२१] र नेपालकै हवाई अड्डाबाट त्यस प्रयोजनका लागि कामदार पठाउनु पर्ने[२२] व्याख्या गरेको देखिन्छ। प्रस्तुत मुद्दामा न त अनुसन्धानले त्यसतर्फ हेरेको देखिन्छ न त प्रतिवादीले गैरकानुनी रुपमा विदेशमा कामदार पठाउन भारतको बाटो प्रयोग गरी पिडितहरुलाई लगेको भन्न सकेको देखिन्छ। यस सम्बन्धमा यथार्थमा हेर्दा मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले गरेको परिभाषामा मानव वेचविखन, मानव ओसारपसार, शोषणको मात्र परिभाषा गरेको देखिन्छ। केही समय अगाडि मिति २०८०।१२।३० को सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यवसायिक वातावरण प्रवर्दन सम्बन्धी केहि ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ग) को थप व्यवस्था भई मानव तस्करीलाई मानव ओसारपसार भित्र राखिएको अवस्था भएतापनि मानव तस्करी जस्तो गम्भिर प्रकृतिको अपराधलाई छुट्टै स्थान प्रदान गरी उचित परिभाषा र पूर्ण कानूनी व्यवस्था सहितको सजायसमेतको व्यवस्था मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा रहेको देखिदैन। न त यस सम्बन्धी छुट्टै उचित र पूर्ण कानूनी व्यवस्था नै गरेको देखिन्छ। न त वैदेशिक रोजगार ऐन, २०६४ ले यस प्रकृतिको कसुरलाई मानव तस्करीको रुपमा परिभाषित गरेको देखिन्छ।

४४. वैदेशिक रोजगारीको प्रकृयामा प्रवेश गर्ने श्रमिकलाई मानव तस्करी र बेचविखन दुबै संजालभित्र पारिनु नेपाली समाजको दैनिक नियति जस्तै भईसकेको देखिन्छ। मानव बेचविखनका घटना आन्तरिक र बाह्य देशमा हुने गरेका छन्। खुला सिमाना भएकाले छिमेकी देश भारतमा विभिन्न बाहानामा लैजाने र यौन शोषण, वेश्यावृतिमा लगाउने जस्ता मानव वेचविखनका कार्यहरु हुने गरेको देखिन्छ। अर्को तर्फ खाडी मुलुकहरुमा नेपाली महिलाहरु घरेलु कामदारको रुपमा लैजान प्रतिबन्ध गरिएकोमा त्यहाँ विभिन्न प्रकारबाट अवैध बाटोको प्रयोग गरी लैजाने र उनीहरुलाई श्रम तथा यौन शोषण गर्ने गरेको देखिन्छ। यसरी अवैध रुपमा एक देशबाट अर्को देशमा लैजाने कार्य मानव तस्करी अन्तर्गत पर्दछ भने वैदेशिक

---

[२१] वैदेशिक रोजगार ऐन, २०६४ परिच्छेद ३।

[२२] वैदेशिक रोजगार ऐन, २०६४ दफा २२।

रोजगारीको लागि भनेर लैजाने तर श्रम शोषण गर्ने कार्यहरु वैदेशिक रोजगार सम्बन्धी कसूर वा मानव बेचविखनभित्र पदर्छन्। कतिपय अवस्थामा थाइल्याण्ड ट्रान्जिट पोइन्ट बनाएर दक्षिण पुर्वी एसियाका देश म्यानमार, लाओस, कम्बोडियामा भिजिट भिसामा लगेर बन्धक बनाएर अनलाइन स्क्यामहरु गर्न लगाउने गरेको देखिन्छ। यी सबै कामहरु मानव बेचविखन भित्र पर्दछन्। तर अहिले मानव बेचविखन सँगसँगै मानव तस्करीसमेत बढोत्तरीमा रहेको देखिन्छ। अवैध रुपमा अमेरिका र युरोपका मुलुकहरुमा मानिसहरु लैजानेजस्ता मानव तस्करीका घटनाहरु बाहिर आएका छन्। प्रतिव्यक्ति लाखौंलाख रुपैयाँसम्म लिएर अवैध रुपमा अमेरिका, युरोप र विभिन्न मुलुकमा पुऱ्याउने गरेको देखिन्छ। यस क्रममा बिच बाटोमै अलपत्र पार्ने, फर्केर आउने, मृत्यु हुने, बिच बाटोमा एजेन्टले पैसा थप्न लगाउने जस्ता घटनाहरु दिनदिनै पत्रपत्रिका टेलिभिजनमा देख्न, सुन्न र पढ्न पाइन्छ। नेपालमा मानव तस्करी सम्बन्धी पूर्ण कानुन नहुँदा यस किसिमका मुद्दाहरु दर्ता हुन सकेको देखिँदैन। पूर्ण र स्पष्ट कानुन नहुँदा यस्ता घटनालाई सिधै मानव तस्करीमा मुद्दा चलाउन सकिने अवस्थासमेत देखिँदैन। परिणाम स्वरुप **मानवतस्करीका घटनालाई पनि मानवबेचविखन, मानव ओसारपसार, वैदेशिक रोजगार ठगी जस्ता मुद्दा चलाएको देखिन्छ। वास्तवमा कसूरको प्रकृति र स्वरुप हेरी वैदेशिक रोजगार, मानव बेचविखन, मानव ओसारपसार, ठगी वा मानव तस्करी के कस्तो प्रकृतिको कसूर हो भन्ने एकीन गरेर मात्र मुद्दाको अनुसन्धान गर्नू र प्रतिवेदन पेश गर्नु नेपाल प्रहरीको कर्तव्य हो भने कसूरको एकिन गरेर मात्र मुद्दा चलाउनु महान्यायाधिवक्ताको कार्यालय अर्थात् सरकारी वकिलको दायित्व हो। यस सम्बन्धमा सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउनु उपयुक्त देखिन्छ।**

४५. मानव बेचविखन रोकथाम र प्रभावित पीडित संरक्षणका सम्बन्धमा बनेका अन्तराष्ट्रिय, क्षेत्रीय प्रावधान मध्ये संयुक्त राष्ट्र संघले सन् २००० मा पारित गरी कार्यान्वयनमा ल्याएको मानव बेचविखन विरुद्धको अभिसन्धी पछिल्लो दस्तावेज हो र उक्त दस्तावेजलाई नेपाल लगायत अन्य सदस्य राष्ट्रहरुले अनुमोदन गरी आफ्नो घरेलु कानूनी व्यवस्थामा सोही अनुरुप समायोजन गरेको पाइन्छ। नेपालले **Palermo Protocol** संघीय संसदबाट पारित गरी मिति २०७७।१।२९ मा नेपाल राजपत्रमा प्रकाशित गरेको देखिन्छ। अब, नेपाल सरकारले अनुमोदन गरेर राजपत्रमा प्रकाशित गरेको प्रोटोकल कानून सरह लागु हुन्छ कि हुँदैन भन्ने

सन्दर्भमा सन्धि ऐन, २०४९ को दफा ९ को उपदफा (२) को कानूनी व्यवस्था हेर्नुपर्ने हुन्छ। *व्यवस्थापिका संसदबाट अनुमोदन, स्वीकृति वा वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल ....वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल...वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने त्यसको कार्यान्वियनको लागि कानूनी व्यवस्था गर्नु पर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वियनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानून बनाई कारवाही चलाउनु पर्नेछ* भन्ने व्यवस्था उल्लेख गरेको पाइन्छ।

४६. नेपाल पक्ष रहेका हालको अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय कानूनी व्यवस्थाहरुले मानव तस्करीको मुल जरो समाउन नसकेको र यसको जेलिएको जालोलाई व्यवहारिक रुपमा सम्बोधन गर्न नसकेको हुँदा मानव तस्करीको बदलिदो परिवेशलाई सम्बोधन गर्न एउटा व्यवहारिक पूर्ण र स्पष्ट कानूनी प्रबन्धको आवश्यकता परेको देखिन्छ। जसमा नेपालको मानव तस्करीको समस्यालाई सम्बोधन र व्यवस्थापन गर्ने कानुनी प्रावधान र घरेलू परिस्थितिलाई सम्बोधन गर्न सक्ने गरी विषयहरु समेट्नुपर्ने देखिन्छ।

४७. मानव तस्करीका लागि नेपाल उत्पत्तिको (country of origin) देश हो। नेपालको प्रयोजनका लागि भारत, बांगलादेश, श्रीलङ्का आदि transit का देश हुन्। मुलतः अरव देशहरु, अमेरीका, बेलायत लगायत वा विकशित देशहरु country of destination हुन्। यसै प्रसङ्गमा country of origin मा के कस्तो कानुनी व्यवस्था हुन पर्छ भन्ने सम्बन्धमा सर्वप्रथम नेपालले मानव तस्करीको कसूरलाई अपराधको दायरामा ल्याउन Protocol Against the Smuggling of Migrants by Land, Sea And Air, Supplementing the United Nations Convention Against Transnational Organized Crime 2000 लाई उक्त Protocol को धारा २१[२३]

[23] Article 21 : **Signature, ratification, acceptance, approval and accession**

1. This Protocol shall be open to all States for signature from 12 to 15 December 2000 in Palermo, Italy, and thereafter at United Nations Headquarters in New York until 12 December 2002.
2. This Protocol shall also be open for signature by regional economic integration organizations provided that at least one Member State of such organization has signed this Protocol in accordance with paragraph 1 of this article.
3. This Protocol is subject to ratification, acceptance or approval. Instruments of ratification, acceptance or approval shall be deposited with – 13 – the Secretary-General of the United Nations. A regional economic integration organization may deposit its instrument of ratification, acceptance or approval if at least one of its member States has done likewise. In that instrument of ratification, acceptance or approval, such organization shall declare the extent of its competence with respect to the matters governed by this Protocol. Such organization shall also inform the depositary of any relevant modification in the extent of its competence.

बमोजिम कानून बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ। दोस्रो, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव तस्करी जस्तो अपराधलाई स्पष्ट परिभाषित गरेको स्थिति नहुँदा सो कसुरका कसुरदारहरु उम्कने स्थिति सिर्जना भएको हुँदा नेपालले यस ऐनमा मानव तस्करीलाई पूर्ण र स्पष्ट रुपमा समावेश गर्नुपर्ने र कसूरको परिभाषा र सजायको समेत छुट्टै र स्पष्ट व्यवस्था गरी यस ऐनमा संसोधन गर्नू वा छुट्टै कानूनी व्यवस्था गर्न जरुरी देखिन्छ। यसका अतिरिक्त country of transit देशहरु सँग आवश्यक समन्वय गरी मानव तस्करीको रोकथाम तथा सो अपराधमा संलग्न व्यक्तिहरुलाई कानुनी कारवाहीको दायरामा ल्याउने र सजाय गर्ने विषयमा regional agreements गर्ने, cross border operation संचालन गर्न एक अर्कालाई अनुमति दिने जस्ता माध्यम अपनाउने विकल्पहरु खोज्नु पर्ने देखिन्छ।

४८. नेपालमा मानव तस्करीको परिभाषा र सजायको व्यवस्था गर्न कानूनी प्रबन्धहरु गर्दा उक्त कानूनमा मानव तस्करी, गैरकानुनी प्रवेश, पिडित, गन्तव्य देश, शोषण, श्रम शोषण, संगठित अपराध, लाभ आदि कुराहरुको स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने देखिन्छ। यसका साथसाथै मानव तस्करीलाई सम्बोधन गर्न एक विशेष संयन्त्रको प्रबन्ध गरी उक्त संयन्त्रलाई विशेष काम, कर्तव्य तथा अधिकार प्रदान गरी मानव तस्करी नियन्त्रणका लागि कार्यरत सरकारी निकायहरु तथा गैर सरकारी संस्थाहरु विच समन्वय गराउने, मानव तस्करीबाट पिडित व्यक्तिहरुको पुनर्स्थापनाका लागि निति तथा कार्यक्रम तर्जुमा गर्ने, मानव तस्करी सम्वन्धमा प्रदेश र स्थानीय रुपमा त्यस्तो संयन्त्रको व्यवस्था गरी कार्यदिश निर्माण गर्ने तथा विभिन्न देशहरुमा भएका मानव तस्करी सम्वन्धी अध्ययन गरी सो सम्वन्धी निति नियम बनाउन वा भईरहेको निति सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने जस्ता कार्य गर्नु पर्ने देखिन्छ। के गरेमा मानव तस्करीको अपराध हुने भन्ने सम्बन्धमा सम्बन्धित देशको भिषा अनुमति बिना नेपाली नागरिकलाई गैरकानुनी रुपमा अर्को देश प्रवेश गराएमा, नेपालको भिषा अनुमति बिना बिदेशी नागरिकलाई

4. This Protocol is open for accession by any State or any regional economic integration organization of which at least one Member State is a Party to this Protocol. Instruments of accession shall be deposited with the Secretary-General of the United Nations. At the time of its accession, a regional economic integration organization shall declare the extent of its competence with respect to matters governed by this Protocol. Such organization shall also inform the depositary of any relevant modification in the extent of its competence

नेपाल प्रवेश गराएमा, मानव तस्करीमा सहायता गर्ने उद्देश्यले नक्कली राहदानी वा परिचयपत्र बनाउने कार्य गरेमा वा मतियार भई कार्य गरेमा वा नेपाल र भारत बिच खुल्ला सिमा भएकोमा भारत हुदै तेस्रो देशमा गरिने मानव तस्करी जस्ता विषयमा स्पष्ट व्यवस्था गर्न उक्त कानूनी प्रबन्धको जरुरी रहेको देखिन्छ।

४९. मानव तस्करीमा सबै प्रकारको अवस्था एकै प्रकारको नहुने हुदा अपराधको गाम्भिर्यता बढाउने कसुरमा थप सजायको व्यवस्था हुने प्रावधान राख्न समेत जरुरी देखिन्छ। त्यसका निम्ति केही अवस्थामा थप सजाय हुने प्रावधानको समेत व्यवस्था गर्न बनाउन सकिन्छ। जस्तै मानव तस्करीको कार्यबाट पिडित गम्भिर बिरामी वा मृत्यु भएमा, पिडितलाई यातना दिई, क्रुर तरिकाबाट र अमानविय व्यवहार गरी अपराध भएमा, पिडित व्यक्ति बालबालिका वा गर्भवती महिला भएमा, लागु औषध वा मनोद्वपक औषधिहरुको प्रयोग गरी तस्करी गरेमा, बाध्यकारी श्रममा लगाउने वा अन्य प्रकारको शोषणको उद्देश्यले मानव तस्करी गरेमा, पिडितको संरक्षण गर्ने भूमिकामा रहेको व्यक्ति अथवा राष्ट्रसेवक कर्मचारीबाट अपराध भएमा मानव तस्करीको कसूर गर्ने कसूरदारलाई थप सजाय गर्न सकिने व्यवस्था गर्न सकिने देखिन्छ।

५०. नेपाल जस्तो भूपरिवेश्ठित देशका सम्बन्धमा दोस्रो देशबाट पारवाहन (**transport**) गराउदै तेस्रो मुलुकमा कसैलाई तस्करी गरिएको अवस्थामा विशेष रुपले हेर्नु पर्ने देखिन्छ। त्यस्तै यो समूह वा संगठित रुपमा सिमापार (**cross border**) गरिने कसूर भएको हुँदा यस्ता कसूरलाई नियन्त्रण गर्न विशेष संयन्त्र, तरिका, अनुसन्धान, अन्तराष्ट्रिय सहयोग जस्ता विषय आवश्यक पर्दछन्। यसका लागि नेपाल सराकारले अन्य देशहरुसँग विभिन्न सूचना आदान प्रदान गरी सहयोग र सहकार्य गर्नुपर्ने देखिन्छ। मानव तस्करी कसूरमा संलग्न संगठित अपराधिक समूहले प्रयोग गर्ने वा प्रयोग गरेको गन्तव्य विन्दु, प्रयोग हुने मार्ग, ढुवानी तथा परिवहनको साधन सम्वन्धमा सूचना आदान प्रदान, राज्यले जारी गर्ने आधिकारीक राहदानिको ढाँचा र परिचय पत्रको चोरी वा गलत प्रयोगको सम्वन्धमा सूचना आदान प्रदान, यात्रा सम्वन्धी कागजात तथा परिचयपत्रको गैरकानुनी हेरफेर, पुनर्उत्पादन वा प्राप्ति वा अन्य गलत प्रयोग तथा सो पत्ता लाउने तरिकाको आदान प्रदान, मानव तस्करी कसूरहरु रोकथाम तथा प्रतिरोध गर्ने विधायिकी अनुभव तथा अभ्यास र उपायहरुको आदान प्रदान जस्ता अन्तराष्ट्रिय सहयोगको आवश्यकता

मानव तस्करीको अपराधलाई न्युनिकरण गर्न जरुरी रहेको देखिन्छ। विशेष संयन्त्र तर्फ हेर्दा, नेपाल सरकारले मानव तस्करी सम्बन्धी पिडितको पहिचान सम्बन्धी मापदण्ड तयार गरी सिघ्र उद्धार गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ। यसैगरी सीमा व्यवस्थापन तर्फ पनि ध्यान दिदै सीमा नियन्त्रणको व्यवस्था सुदृढीकरण गर्नु पर्ने देखिन्छ। यसका लागि गन्तव्य राष्ट्रमा प्रवेश गर्नका लागि अनुमति प्राप्त यातायातका कम्पनीहरुले सम्पुर्ण यात्रुहरुको यात्रा अनुमति भएको सुनिश्चित गर्ने, त्यस्ता यातायात कम्पनीहरुबाट सञ्चालित यातायातका साधनहरुलाई तस्करीको कार्यमा प्रयोग हुनबाट रोक्न सकिने देखिन्छ। यसैगरी नेपाल सरकारले पिडितको उद्दार पश्चात पिडितलाई पुनर्स्थापनामा र क्षतिपुर्ति उपलब्ध गराउन एक पुनर्स्थापना कोषको व्यवस्था गर्नु पर्ने, उजुर गर्ने व्यक्तिको सुरक्षाको व्यवस्था मिलाउनु पर्ने, मानव तस्करी कसुर रोकथाम, प्रतिरोध तथा उन्मुलन कार्यमा संलग्न कानुन कार्यान्वयन अधिकारीको क्षमता अभिवृद्धिमा दक्ष अन्तराष्ट्रिय संगठनहरु, गैर सरकारी संस्थाहरु, तथा नागरिक समाजसँग सहकार्य गर्ने जस्ता कार्यको आवश्यकता समेत देखिन्छ।

५१. अर्थात मानव तस्करी नेपालको परिप्रेक्षमा एक भई रहने कसूर रहेको तर यसलाई मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा वैदेशिक रोजगार ऐन, २०६४ ले समेत पूर्ण रुपमा नसमेटेको हुँदा यस सम्वन्धमा उचित, पूर्ण र व्यवस्थित ढंगको कानूनको अभावको अवस्था देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले पिडितहरुको न्युन आर्थिक अवस्थाको फाइदा उठाई सहज जिवनयापनको लोभ देखाई गैरकानूनी माध्यमबाट अर्को देशमा लग्न खोजेको देखिन्छ। प्रस्तुत मुद्दाको प्रकृति हेर्दा, मानव वेचबिखन तथा ओसारपसारको कसूर नभई मानव तस्करीको कसुर जस्तो देखिन्छ। यस्तो अवस्थालाई सम्बोधन गर्न नेपाल सरकारले Protocol Against the Smuggling of Migrants by Land, Sea And Air, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000 लाई अनुमोदन गरी यस सम्बन्धी कानुनी प्रबन्ध गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। उक्त प्रोटोकलमा उल्लेख गरिएका कानूनी व्यवस्थाले प्रहरी प्रशासनलाई यस्तै प्रकृतिका कसूरहरुको अनुसन्धानमा समेत सहयोग पुऱ्याउने प्रावधानहरु उल्लेख गरेको पाइन्छ।

५२. यस मुद्दामा माथि विश्लेषण गरिए अनुसार यी प्रतिवादी कसूरमा संलग्न रहेको नदेखिए पनि **मानव तस्करीलाई नेपालको कानूनले अपराधीकरण नगरेको अवस्थामा मानव वेचविखन तथा ओसारपसारमा परिणत गरी अभियोग लगाएको आधारमा मात्र प्रतिवादीलाई सजाय गर्नुपर्ने भन्ने दाबीसँग सहमत हुन सकिने देखिदैन।** प्रतिवादीलाई अभियोग मागदावीबाट सफाई दिने ठहऱ्याई शुरु बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलासबाट भएको फैसला मिलेको देखिँदा परिवर्तन गरिरहनु परेन। प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सो जिकिर पुष्टी प्रयोजनार्थ विद्वान उपन्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरसँग सहमत हुन सकिएन।

५३. अतः प्रतिवादी खेम बहादुर नेगीलाई अभियोग दावीबाट सफाई दिने ठहऱ्याई शुरु बाँके जिल्ला अदालतबाट मिति २०७५।०२।०९ मा भएको फैसला सदर हुने गरी उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०७५।०६।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन।

५४. यसमा निम्न कार्यहरु गर्न सम्बन्धित निकायहरुलाई पत्राचार गर्नू:

(१) मानव तस्करीका सम्बन्धमा प्रस्तुत फैसलासमेतलाई आधार मानी उपयुक्त पूर्ण र स्पष्ट कानुनी व्यवस्थाको प्रबन्ध गर्न नेपाल सरकार गृह मन्त्रालयलाई ध्यानाकर्षण गर्न फैसलाको प्रतिलिपिसहित लेखि पठाउनू।

(२) कसूरको स्वरुप, प्रकृति हेरी एकिन गरी मानव बेचविखन, मानव ओसारपसार, बैदेशिक रोजगारी सम्बन्धी कसूर, ठगी वा मानव तस्करी के मा मुद्दा अनुसन्धान गर्ने र मुद्दा चलाउने भन्ने सम्बन्धमा नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयलाई समेत फैसलाको प्रतिलिपिसहित ध्यानाकर्षण गर्न लेखि पठाउनू।

(३) Protocol Against the Smuggling of Migrants by Land, Sea And Air, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000 लाई अनुमोदन गर्न नेपाल सरकार, गृह मन्त्रालयलाई ध्यानाकर्षण गर्न लेखि पठाउनू।

(४)साथै प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

हरिप्रसाद फुयाल

न्यायाधीश

उक्त रायमा सहमत छु।

विनोद शर्मा

न्यायाधीश

इजलास अधिकृतः लक्ष्मी राना / सुस्मिता भट्टराई

कम्प्युटर अपरेटरः रामशरण तिमल्सिना

इति सम्वत् २०८० पुष २९ गते रोज १ शुभम्---------------------------------।